सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : १३४ | वि.सं. २०७९ मंसिर २८ गते बुधबार | 14, 2022 Wednesday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## सामुदायिक विद्यालयमा मेयर सिंहको छड्के अनुगमन विद्यार्थीसँग मेयर सिंहको साक्षात्कार

**वीरगञ्ज, २७ मंसिर ।**

वीरगञ्ज महानगर भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्था सुधारका लागि महानगरले सक्रियता देखाएको छ ।

निर्वाचनका बेला जनताकाबीच शिक्षामा आमुल परिवर्तन गर्ने प्रतिबद्धता बमोजिम मेयर राजेशमान सिंहले यहाँका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा जोड दिएका हुन्। महानगरभित्रका संस्थागत विद्यालयहरुको वर्गीकरण तथा शूल्क निर्धारण गरे लगत्तै मेयर सिंह निरन्तर



सामुदायिक विद्यालयको अनुगमनमा छन्। सामुदायिक विद्यालयको शैक्षिक अवस्थालाई गुणस्तरीय र विश्वसनीय बनाउनका लागि कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाउँदै मेयर सिंहसहितको टोलीले लगातार तेस्रो दिन पनि यहाँका विभिन्न सामुदायिक विद्यालयमा छड्के अनुगमन गरेका छन् ।

मंगलवार मेयर सिंह छड्के अनुगमनका लागि सबैभन्दा पहिला वीरगञ्जको विर्तास्थित त्रिजुद्ध स्कुलमा पुगे ।

उपत्यका बाहिरको सबैभन्दा पहिलो स्कुलको रुपमा परिचि त्रिजुद्ध महाविर प्रसाद रघुविर राम माद्यामिक विद्यालयमा पुगेर मेयर सिंह नेतृत्वको टोलीले त्याहाँका विद्यार्थीहरुसँग साक्षात्कार गऱ्यो । कक्षा १० मा पुगेर मेयर सिंहले पठनपाठनमा र समग्र

*बाँकी तेश्रो पृष्ठमा*

## नृसिंह माध्यमिक विद्यालयमा शिक्षकको कुटाईबाट विद्यार्थी घाइते



**वीरगञ्ज, २७ मंसिर ।** वीरगञ्ज महानगरपालिका -१४ पिपरास्थित श्री नृसिंह माध्यमिक विद्यालयमा शिक्षकको कुटाईबाट एक जना विद्यार्थी घाइते भएका छन्। वीरगञ्ज महानगरपालिका वडा नम्बर १४ स्थित नृसिंह माध्यमिक विद्यालयमा अध्ययनरत प्रदीप पटेल त्यहीँ पढाउँने एक जना शिक्षकको कुटाइबाट घाइते भएका हुन् ।

कक्षा १२ मा अध्ययनरत पटेललाई शिक्षक रामबालक यादवले पाइप र मुक्काले कुटपिट गरेर घाइते बनाएको बुझिएको छ । उनको हातमा गम्भीर चोट लागेको चिकित्सकले जनाएका छन् । पटेलका अभिभावकका अनुसार सोमबार बिहान विद्यालयको एसेम्बलीको समयमा केही विद्यार्थीले बदमासी गरेपछि सोधपुछ गर्न आएका शिक्षक यादवले पटेललाई पछाडिबाट पाइप र मुक्काले हिर्काएका थिए ।

कुटपिटबाट घाइते भएका पटेलको सुरुमा यादवले विद्यालयमै उपचार गरिएको थियो । प्रारम्भिक उपचार गराएर स्कूल छुट्टी भएर घर फर्केका पटेललाई अफठ्यारो भएपछि उनका अभिभावकले नारायणी अस्पताल लागेका थिए । अस्पतालमा गरिएको चेकजाँचका क्रममा पटेलको हातमा गहिरो चोट लागेको चिकित्सकले जनाएका छन् । पटेलका अभिभावकले शिक्षक यादवमाथि प्रहरीमा उजुरी पनि दिएका छन् ।

## बहुदरमाई नगरपालिकामा पालिका स्तरीय कार्यशाला गोष्ठी कार्यक्रम सम्पन्न



**रामजी यादव २७ मंसीर।** पर्साको बहुदरमाई नगरपालिकाको कार्यालयमा पालिका स्तरीय कार्यशाला गोष्ठी कार्यक्रम आज सम्पन्न भएको छ। बहुदरमाई नगरपालिकाका नगरप्रमुख सिगांसन साहको अध्यक्षतामा स्थानीय तहको शिक्षा क्षेत्रका लागि बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि पालिका स्तरीय कार्यशाला गोष्ठी कार्यक्रम सम्पन्न भएको हो।

आर्थिक सहयोग युनिसेफ प्राबिधिक सहयोग( ल्क्भ्त)नेपाल तथा शिक्षा बिकास निर्देशनालय मधेश प्रदेश द्वारा आयोजित पालिका स्तरीय कार्यशाला गोष्ठी कार्यक्रममा प्रत्येक पालिकाका बिधालयहरुमा शिक्षा क्षेत्रलाई अफ्र सुदृढ र प्रभावकारी बनाउन र पालिका तथा सबै वडाहरुमा बिपद् जोखिम न्युनिकरण गर्नु पर्ने कुरामा जोड दिईएको थियो।बिषयगत बुन्दाहरुमा बृहत बिधालय सुरक्षाको सन्दर्भमा बिपद् जोखिम ब्यवस्थापन समिती गठन गरि संञ्चालन गर्नुपर्ने कुरामा प्रशिक्षकहरुले जोड दिनु भएको थियो।

बहुदरमाई नगरपालिकाको कार्यालयमा हुन लागेको पालिका स्तरीय कार्यशाला

*बाँकी तेश्रो पृष्ठमा*

## बिना कुनै अध्यापनको मधेश कृषि विश्वविद्यालयको एक वर्ष पुरा ।




**वीरगञ्ज, २७ मंसिर ।** मधेश सरकारले स्थापना गरेको मधेश कृषि विश्वविद्यालयले बिना कुनै अध्यापन

*बाँकी अन्तिम पृष्ठमा*

## सिर्सिया नदी प्रदुषणमा उद्योग जिम्मेवार, फोहोर पानी सोझै नदीमा मिसाइादै, अनुगमन टोलीले दियो कारवाहीको चेतावनी

**वीरगञ्ज, २७ मंसिर ।**

सिर्सिया नदी प्रदुषण नियन्त्रण गर्न नदी क्षेत्रमा रहेका उद्योगहरुको अनुगमन सुरु भएको छ । नदी आसपास रहेका वीरगञ्जका उद्योगहरुका कारण सिर्सिया फोहोर भएकाले प्रदुषण नियन्त्रणाका लागि अनुगमन सुरु गरिएको हो ।

सिर्सिया नदी प्रदुषण नियन्त्रण अभियानद्वारा मंगलबार वीरगञ्ज महानगरपालिका वडा नम्वर २१ सिर्सिया आसपास रहेका ४ वटा उद्योगको अनुगमन गरिएको छ ।

अनुगमनका क्रममा ती उद्योगहरुले त्यहााबाट निस्कने फोहोर पानी सोझै नदीमा मिसाउने गरेको भेटिएको अनुगमनमा खटिएका जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलले जानकारी दिए ।



टोलीले श्री निधी टेक्सटायल्स प्रा.लि., ब्रिटानीय नेपाल प्रा.लि., शक्ति दाल मिल र शक्ति वायरको अनुगमन गरेको थियो ।अनुगमनका क्रममा निधी टेक्सटायल्सले उद्योगबाट निस्केको फोहोर पानी सोझै नदीमा मिसाइदिने गरेको पाइएको छ ।

यो उद्योगले दैनिक डेढ लाख लिटर केमिकल सहितको फोहोर पानी उद्योगबाट सोझै सिर्सिया नदीमा मिसाउने गरेको छ । उद्योगले अहिलेसम्म पनि वाटर ट्रिटमेण्ट प्लाण्ट नराखेको र फोहोर पानी नदीमा फाल्ने गरेको वीरगञ्ज महानगरपालिका वातावरण शाखाका प्रमुख देवेन्द्र चौधरीले बताए । यो उद्योगले फोहोर पानीका साथै नदी दुर्गन्धित बनाउने छाइा (खरानी) पनि नदीमै फाल्ने गरेको भेटिएको उनले बताए । उद्योगलाई अनुगमन टोलीले तत्काल ट्रिटमेण्ट राख्न र फोहोर पानी सोझै नदीमा नमिसाउन चेतावनी दिएर आएको पनि उनले बताए ।

यस्तै विस्कुट उत्पादन गर्ने ब्रिटानीयाले ट्रिटमेण्ट प्लाण्ट हादाहादै पनि पानी प्रशोधन नगरी फोहोर पानी सोझै नदीमा मिसाइदिने गरेको स्थानीय बताउाछन् । टोलीले पनि पानी प्रशोधन नगरी सोझै नदीमा मिसाएको भेटेको थियो ।

यस्तै शक्ति वायर उद्योगले त्यहााबाट निस्केको पानी जम्मा गर्न पोखरी बनाएको भए पनि प्रभावकारी नहुादा फोहोर पानी नदीमा नै मिसिन पुगेको भेटिएको चौधरी बताउाछन् ।

*बाँकी अन्तिम पृष्ठमा*



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# चोलेन्द्र कोरल्ने कारखाना

**उमेश चौहान**

नेपाली नेता शिखण्डी कोरल्ने कुलतले ग्रस्त छन्। उनीहरू सिजन सिजनमा ओथारो बस्छन्, न्यानो पारेर चल्ला कोरल्छन्, तर पुलपुल्याएर हुर्काएको चल्लालाई 'मुर्गा' बनाएर काट्छन्। त्यसैगरी उत्ताउलो बनाएर हुर्काइएका चोलेन्द्रशमशेर जबरा अहिले अचानोमा राखिएका छन्।

चोलेन्द्र प्रजातिमाथि दुनियाँले आपत्ति व्यक्त गर्दागर्दै पनि उनलाई काँधमा बोकेर चनाको बोटमा चढाउन नेताहरू एक वर्षअघिसम्म प्रतिस्पर्धा गरिरहेका थिए। न्यायाधीश, प्रधानन्यायाधीश त उनी भइहाले, शीतलनिवासदेखि सिंहदरबारसम्मको बागडोर दिने भनेर नेताहरूले उनको मनमा काउकुति लगाइदिएका थिए।

कुन किस्तीमा कसले पस्किएको पद स्वीकार गर्ने र कसको अस्वीकार गर्ने भन्दै गुणन भागा गरिरहेका उनी एक वर्षयता भने आफ्नो न्यूनतम प्रतिष्ठाको भिक्षा मागिरहेका छन्। हिजो त्यो हैसियतका लागि र आज यो हविगतका लागि उनी हकदार थिए कि थिएनन् भनेर नेताहरूले समीक्षा गरेका छैनन्, सबैभन्दा दुःखद पक्ष यही हो।

नेताहरूबीच धेरै विषयमा विमति भए पनि शिखण्डी कोरल्ने 'ह्याचरी' मा भने अनवरत साझेदारी छ। यस्ता उद्योगको प्रबन्धपत्र लेखनको अग्रसरता सधैंजसो माओवादी अध्यक्ष पुष्पकमल दाहालले लिँदै आएका छन् भने शेरबहादुर देउवाको हिस्सेदारी कहिल्यै कमजोर छैन। केपी ओली यसमा केही फरक छन्, जसले साझेदारीभन्दा छुट्टै ह्याचरी उद्योग चलाउनुमा आफ्नो सफलता ठान्छन्।

साझेदारी होस् वा एकल उद्यम, नेताहरू सधैं मुनाफामा छन्। तर, यस्ता उद्योगले व्यवस्थाप्रति फैलाउने अनास्था बेहिसाब छ, नागरिकमा बढेको वितृष्णा अथाह छ जसको पर्वाह नेताहरूले गरेका छैनन्।

आफ्नै लतले होस् वा छिमेकीको मतले, शिखण्डी उत्पादनको उद्यममा अनुभवी नेताहरूको लगाव अटुट छ। शाही सत्तासँगै लोप भइसकेका लोकमानसिंह कार्कीलाई उत्खनन गरेर उनीहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तका रूपमा शक्तिमान बनाएका थिए।

२०६२/६३ को आन्दोलन कुल्चन मुख्य सचिवका रूपमा शक्ति र ढुकुटी दुरुपयोग गरेको भनेर रायमाझी आयोगबाट दोषी ठहर भएका मात्र होइन, कारबाहीका लागि नयाँ सरकारले स्पष्टीकरण सोधेपछि राजीनामा दिएर विलुप्त भएका कार्कीलाई गणतन्त्रका नेताहरूले उच्च नैतिकवान नायकका रूपमा प्राण प्रतिष्ठा गराइदिएका थिए।

टंगाल प्रमुखका रूपमा गर्न पाएको रजगजबाट उन्मत्त भएर उनी पनि सिंहदरबार र शीतलनिवासको घरबेटी बन्ने उद्यममा लागिसकेका थिए।

आफैंले 'एन्टिबायोटिक इन्जेक्सन' हानेर हर्लक्क हुर्काएको महत्त्वाकांक्षाबाट आफ्नै यात्रा संकटमा परेपछि नेताहरूले आत्मरक्षाका लागि कार्कीविरुद्ध महाभियोगको तोप चलाएका हुन्। गुफाबाटै ल्याइएका कार्की गुफातिरै फर्काइए।

उनको नियुक्ति नै अवैधानिक भएको भन्ने सर्वोच्च अदालतको फैसलासँगै अख्तियारको नेतृत्वमा लोकमानसिंह कार्की नाम गरेका पात्र थिए भन्ने अभिलेखसमेत नामेट भएको छ। तर, वैशाख २०७० देखि पुस २०७३ सम्म टंगालको चुचुरोमा बसाइएका कार्कीको आदेशमा विशेष अदालतमा चलाइएका ७ सय ६९ मुद्दाको अभिलेख कसरी नामेट हुन सक्छ ? त्यो घडीमा तर्साइएका, फसाइएका वा लखेटिएका मान्छेहरूको वेदना विस्मृतिमा कसरी जान सक्छ ? यो विषयमा नेताहरूमा न कुनै चिन्तन छ, न कुनै जवाफदेहिता। यो नै चिन्ताको विषय हो।

ह्याचरी यही हो जहाँ मन्त्रिपरिषद्का प्रमुख खिलराज रेग्मी पनि कोरलिएका थिए। संविधानसभाको मृत्युको घोषणा गर्ने तत्कालीन न्यायपालिकाका प्रमुख खिलराज रेग्मी नै पछि कार्यपालिका प्रमुखको अवतारमा प्रकट भए।

निर्वाचनमा गएर जनताको मत प्राप्त गरेका दलका नेताहरू मिलेर निर्दलीय सरकार बनाएपछि बल्ल सफल भइयो भन्दै रात्रिभोज गर्ने देश पनि यही हो। यो आत्मघात नेताहरूको रुचि पक्कै होइन, तर इसारा इन्कार गर्ने साहस पनि उनीहरूमा देखिएन।

यो लाचारीले खिलराज रेग्मी नाम गरेका व्यक्तिको पहिचान अलप भएको छ। उनी अहिले न पूर्वप्रधानन्यायाधीशका रूपमा सान्दर्भिक छन्, न पूर्वप्रधानमन्त्रीका रूपमा राजनीतिक बहसमा उभिने हैसियतमा छन्। विडम्बना के भने बेला कुबेला दृश्यमा आउने यस्ता कठपुतलीले राज्य शक्तिको स्रोत नागरिक नै हुन् भन्ने विश्वासलाई धमिलो बनाइरहेका छन्।

२०७० को निर्वाचनपछि देश संविधानसभाको प्रसव वेदनामा रहेका बेला नेताहरू भने चोलेन्द्रशमशेरहरू कोरल्न ओथारो बसेका थिए। सादा जीवन उच्च विचारको छवि बनाएका नरहरि आचार्यसमेत ओथारो बस्दा चोलेन्द्रशमशेर मात्र होइन, गोपाल पराजुली र दीपकराज जोशी नामका तिम्ल्याहा कोरलिएका थिए।

यी तीनै जनाले न्यायपालिकाको हुर्मत यति लिए कि क्षतिभरण गर्न न्यायपालिकालाई तीन युग लाग्न सक्छ। सर्वोच्चको प्रधानन्यायाधीश बनेका पराजुलीले आफ्नै जन्ममिति पनि ढाँटेर नक्कली प्रमाणपत्र बनाएको पुष्टि भयो, दीपकराज जोशी प्रधानन्यायाधीश बन्ने आशीर्वाद माग्न बालुवाटारदेखि खुमलटारसम्मका मठाधीशको चरण स्पर्शमा पुगेको देखियो। चोलेन्द्रशमशेरको निष्ठामाथि अविश्वास गरेर सर्वोच्चको 'फुल कोर्ट' ले बहिष्कार गर्दा पनि उनी लाचार छायाका रूपमा ओहोरदोहोर गरिरहे। तमासाको शृंखला अझै जारी छ।

नेपाली समाजमा चोलेन्द्रजस्ता पात्रको जे छवि छ, त्यसको गहिरो पृष्ठभूमि छ। अकुत सम्पत्ति आर्जनको अभियोगमा खुमबहादुर खड्का, गोविन्दराज जोशी र जयप्रकाश गुप्ताविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दर्ता गरेको मुद्दा चोलेन्द्रसहितको इजलासले खारेज गरिदिएको थियो, त्यो पनि हदम्याद नाघेको बहानामा। भ्रष्टाचारको पनि कुनै हदम्याद हुन्छ भनेर सोध्दै अख्तियार सर्वोच्च पुगेपछि खुमबहादुर र जयप्रकाश जेल परे, गोविन्दराजको मुद्दा विचाराधीन छ।

तासको 'म्यारिज' लाई जुवा होइन, बुद्धिको खेल मान्नुपर्छ भनेर इजलासबाट आदेश लेख्नु जति भद्दा प्रहसन हो, श्रीमतीको हत्या गरेर टुक्रा पारी जंगलमा जलाउने पूर्वडीआईजी रञ्जन कोइरालालाई २० वर्ष कैद बढी हुन्छ भनी जेलमुक्त गरिदिनु मानवताविरुद्धको उत्तिकै भयानक कसुर हो।

तर, यी सब विषय देशको सर्वोच्च अदालतको प्रधानन्यायाधीशको 'चित्तमा' सामान्य लाग्छन् भने जवाफदेहिता उनीसँग मात्र होइन, उनलाई हुर्काउने शक्तिका सौदावाजहरूसँग पनि खोज्नुपर्छ।

चोलेन्द्रशमशेरहरू त्यो ठाउँमा पुगेका होइनन्, पुऱ्याइएका हुन् भन्ने पुष्टि तत्कालीन कानुनमन्त्री नरहरि आचार्यले आत्मकथा 'जीवन पाठशाला' मा गरेका छन्।

उनी लेख्छन्, 'कांग्रेस नेता शेरबहादुर देउवा र कृष्णप्रसाद सिटौलाको पनि चोलेन्द्रजीमा रुचि थियो।' त्यो बेला चोलेन्द्रशमशेर, दीपकराज जोशी र गोपाल पराजुलीहरू

बाँकी तेश्रो पृष्ठमा

# मानव अधिकार आयोगको पुनरूत्थान

**राजुप्रसाद चापागाईं**

हामीले हालै मताधिकारको सामूहिक अभ्यास गऱ्यौं, जसका कारण संघीय र प्रादेशिक तहमा आगामी पाँच वर्षका लागि संसद् र सरकार बन्दै छन्। लोकतान्त्रिक यात्रामा यो अर्को फड्को सबै नेपालीका लागि खुसीको कुरा हो।

'मानिसले विद्रोहको सहारा नलिऊन् भन्ने हो भने उनीहरूका अधिकार कानुनी शासन अन्तर्गत संरक्षित हुनुपर्छ' भन्ने इतिहासको पाठ बोध गर्दै सन् १९४८ मा जारी मानव अधिकारको विश्वव्यापी घोषणापत्रले १० डिसेम्बरमा ७५ वर्षमा प्रवेश गर्दैगर्दा यसपालिको नारा 'सबैका लागि मर्यादा, स्वतन्त्रता र न्याय' भने चुनौतीपूर्ण नै छ। जनसंख्याको ठूलो हिस्सा मानव अधिकारका बग्रेल्ती चुनौती भोग्न बाध्य छ। विगतदेखिका कति चुनौती झाँगिँदै गएका छन्।

आम अपेक्षाचाहिँ नवनिर्वाचित संसद् र सरकार पूर्वाधारमुखी विकासको महत्त्वाकांक्षी सपनातिर अनावश्यक रूपमा नबरालिऊन् भन्ने छ। ती आम नेपालीका गम्भीर मानव अधिकार समस्या (जस्तै– बहुआयामिक भेदभाव, बहिष्करण, आर्थिक-सामाजिक अधिकारबाट वञ्चिति, सशस्त्र द्वन्द्वपीडितलाई सत्य, न्याय र परिपूरणबाट वञ्चिति) सम्बोधन गर्नपट्टि केन्द्रित होऊन्! मानव अधिकारको रखवारी गर्ने संवैधानिक कार्यादेश पाएको राष्ट्रिय मानव अधिकार आयोगको शीघ्र पुनरुत्थान त्यतातर्फको प्रस्थानविन्दु बन्नुपर्छ।

**बढ्दो सान्दर्भिकता, गिर्दो साख**

राष्ट्रिय मानव अधिकार आयोगको सान्दर्भिकता अखण्डित छ। संविधानसभाभित्र र बाहिर व्यापक छलफल भएरै आयोगको संवैधानिक हैसियत यथावत् राखिएको हो। गठनपश्चात्का वर्षहरूमा गतिलो कार्यसम्पादनका कारण आयोग आफ्नो औचित्य स्थापित गर्न सफल भएको थियो।

सशस्त्र द्वन्द्वकालीन कठिन समयमा पनि स्वतन्त्र र प्रभावकारी उपस्थिति जनाएको थियो, जसका कारण आयोगको स्थायित्वका लागि व्यापक सहमति बन्न बल पुगेको हो। तदनुरूप यसले अन्तरिम संविधानमार्फत संवैधानिक हैसियत पाएको थियो।

सशस्त्र द्वन्द्वका दुवै पक्षको विश्वास जितेका कारण नै विस्तृत शान्ति सम्झौता कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी आयोगले पाएको थियो (सम्झौताको दफा ९.४)। त्यति बेला आयोगको वैधताको स्थिति दर्साउने यो महत्त्वपूर्ण सूचक हो।

देश अहिले संघीय प्रणाली अन्तर्गत चलेको छ। मौलिक हकको संवैधानिक प्रत्याभूतिमा बढोत्तरी भएको छ। आर्थिक-सामाजिक अधिकारलाई महत्त्वपूर्ण स्थान दिइएको छ।

हिंसात्मक द्वन्द्वको इतिहास नदोहोऱ्याई समाजवाद र सामाजिक न्यायका आधारमा दिगो शान्ति र समतामूलक समृद्धि हासिल गर्ने अभीष्ट संविधानमा अंकित छ।

यसले अझै आयोगको औचित्य र आवश्यकता बढाएको छ। तीनै तहका सरकारलाई संवैधानिक वाचाप्रति जवाफदेह बनाउन सशक्त आयोगको विकेन्द्रित उपस्थिति सार्थक हुन्छ। यही अग्रपंक्तिमा रहेर जनताका हकअधिकारका कुरा उठाउने वैध संस्था हो।

मानव अधिकारका सन्दर्भमा न्यायालयको भूमिका पनि अहं रहन्छ नै, तर न्यायालयका आफ्ना सीमा र बन्देज छन्। अदालत आयोगजस्तो गरी जनसाधारणको सहज पहुँचमा रहन्छ भन्ने छैन।

हकअधिकारको संरक्षण र प्रवर्द्धनमा अग्रसक्रिय भूमिका खेल्न न्यायालयको अन्तर्निहित स्वभाव र प्रकृतिले पनि दिँदैन। आयोगले भने मानव अधिकार संरक्षणमा न्यायपालिकाको भूमिका बढाउनसमेत काम गर्न सक्छ।

न्यायिक कामकारबाही मानव अधिकारमैत्री भए-नभएको विषयलाई अनुगमनको दायरामा ल्याउन सक्छ। आयोगको सिफारिसका आधारमा न्यायिक सुधार र न्यायमा पहुँच अभिवृद्धिका प्रयास अगाडि बढ्न सक्छन्। अन्य मुलुकका अनुभवहरूले पनि यही भन्छन्।

सान्दर्भिकता बढेसँगै आयोग प्रभावकारी हुँदै गएको छ त ? विडम्बना, त्यसो हुन सकेको छैन। बरु उल्टो प्रगति भएको छ। आयोगको साख गिर्दो छ। राष्ट्रसंघले मान्यता दिएको 'राष्ट्रिय मानव अधिकार संस्था सम्बन्धी सिद्धान्त' (पेरिस सिद्धान्त, सन् १९९३) ले राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्वतन्त्रता र विश्वसनीयताको मापदण्ड तोकेको छ। उक्त मापदण्डको पालना भए-नभएको मूल्यांकन गरेर मानव अधिकार संस्थाहरूको ग्रेडिङ गरिँदै आएको छ।

सन् १९९३ मा राष्ट्रिय मानव अधिकार संस्थाहरूको सम्मेलनले सृजना गरेको 'राष्ट्रिय मानव अधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समिति' ले ग्रेडिङको काम गर्थ्यो। सन् २०१६ मा समन्वय समितिलाई 'ग्लोबल एलाइन्स अफ नेसनल ह्युमन राइट्स इन्स्टिच्युसन्स' (गानरी) का रूपमा नामकरण गरिएको हो।

सुरुआती समयदेखि निरन्तर 'क' श्रेणीको हैसियत आर्जन गरेको आयोगलाई गानरीको मान्यता

बाँकी तेश्रो पृष्ठमा

# आयोजनालाई जग्गा, सधैं समस्या

**गोपीनाथ मैनाली**

प्राकृतिक स्रोत भएकाले भूमिको व्यवस्थापन गर्न सकिन्छ, तर आयतन, क्षेत्र र सीमालाई बढाउन सकिँदैन।

मासिक रूपमा बस्ने राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा विकासे मन्त्रालयहरूले कार्यक्रमको लक्ष्यअनुरुप प्रगति नपुग्नुको प्रमुख कारण जग्गा प्राप्ति गर्न नसक्नु हो भन्दै आएका छन्। यो विकास समीक्षाका सानाठूला सबै बैठकको स्थायी कार्यसूची होस्, अन्तरमन्त्रालय, अन्तरतह र विकास साझेदारहरूको बैठकमा गहकिलो बहस हुने र कहिल्यै पनि समाधान भने नपाएको सवाल हो। जसले गर्दा आयोजना, लगानीकर्ता र जग्गाधनी तीनै पक्ष बेस्सरी प्रभावित हुँदै आएका छन्। तीनै पक्षलाई जित-जितको अवस्थामा कसरी पुऱ्याउने ? यो नै विकास व्यवस्थापनमा जग्गा प्राप्तिको गम्भीर चुनौती हो।

**जग्गा प्राप्ति किन यति गम्भीर छ त ?**

सीमित प्राकृतिक स्रोत भएकाले भूमिको व्यवस्थापन गर्न सकिन्छ, तर आयतन, क्षेत्र र सीमालाई बढाउन सकिँदैन। मानव जीवनका लागि जेजस्ता आवश्यकता पूरा गरिन्छ, त्यसको आधारस्रोत भूमि हो। सीमित हुनु भूमिको विशेषता भएकाले यसको महत्व र संवेदनशीलता पनि अधिक छ।

स्वामित्व र प्रशासन गर्न भूमिलाई जग्गामा परिणत गरिएपछि यो सामाजिक हैसियत, आर्थिक साधन र शासकीय सम्बन्धमा गाँसिन पुग्छ, र झनै संवेदनशील बन्ने गर्छ। त्यसैले प्रत्येक मुलुकले आफ्नो सीमित भूमिको व्यवस्थित उपयोग गरी आर्थिक समृद्धि, सामाजिक सम्बन्ध र वातावरणीय सन्तुलन कायम गर्न नीति, कानुन र व्यवस्थापन विधिहरू अभ्यास गर्दै आएका छन्।

कतिपय मुलुकमा भूमि राज्य स्वामित्वको विषय बनाउने गरी कठोर कानुनी व्यवस्था गरिएको पाइन्छ। नेपालमा भने राज्यअधिनस्थतताको सिद्धान्तअन्तर्गत भूमि वैयक्तिक स्वामित्वको विषय हो। राज्यलाई तिरो तिरेर व्यक्तिले भूमिको उपयोग गर्न पाउँछ। संविधानतः व्यक्तिगत सम्पत्ति कानुनबाहेक अनतिक्रम्य छ।

विकासका संरचनाका लागि जग्गा प्राप्ति र पुनर्स्थापना व्यवस्थापन कार्यव्यवस्थित हुन नसक्दा आयोजना समयमा सम्पन्न हुन नसकेको, स्थानीय समुदाय प्रभावित भएको र सरकार पनि आलोचित हुँदै आएकाले यो विषय सन् २००४ मा ज्वाइन्ट फाइनान्सिङ पार्टनरसँगको बैठकमा गहकिलो रूपमा उठ्यो।

र,, छिट्टै नीतिमार्फत सम्बोधन गर्ने प्रतिबद्धता पनि गरियो। प्रतिबद्धता अनुरूप नीति तर्जुमा गर्ने कामको औपचारिक थालनी २००६ ( वि. सं. २०६३) बाट भयो तर नीति पारित भने करिव ८ वर्षपछि भयो, २०७१ मा। विकास निर्माणका लागि जग्गा प्राप्ति, पुनःस्थापना तथा पुनर्वास नीति, २०७१ पारित हुन यति लामो समय लाग्नुले नीतिको महत्व र संवेदनशीलतालाई पनि संकेत गर्छ भने अर्कोतर्फ नीतिमा स्वामित्व नलिने, प्रतिबद्धता जारी गर्ने तर नीति अन्तर्यको पक्षमा ध्यान नदिने नेपाली नीति संस्कृतिलाई पनि उद्घाटन गरेको छ। यसले थुप्रै नीति शिक्षा लिनुपर्ने क्षेत्र उघारिएको छ।

विकास आयोजनाका लागि चाहिने जग्गा सर्वसाधारण वा सरकारको स्वामित्वमा रहने विषय भएकाले आयोजना, लगानीकर्ता ( सरकार वा निजी क्षेत्र) र जग्गा उपलब्ध गराउने सर्वसाधारणका भावनालाई सम्बोधन गर्नुपर्छ। यो राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय मान्यता अनुरूप हुनुपर्छ, साथै सर्वसाधारणको विश्वास जित्ने हुनुपर्छ।

यसरी सबैको जित-जितको अवस्था प्राप्त गर्नु जग्गा प्राप्ति ( सोसल सेफगार्ड) नीतिको आधार मूल्य हो। हाम्रो विकास निर्माणका लागि जग्गा प्राप्ति, पुनःस्थापना तथा पुनर्वास नीति, २०७१ ले चार सिद्धान्तलाई आत्मसात गरेको छ, (क) पहिलो संविधानले निर्दिष्ट गरेको सम्पत्तिको हक, (ख) दोस्रो, जग्गा प्राप्ति प्रक्रिया पारदर्शी र उचित हुनुपर्ने विषय, (ग) तेस्रो, जग्गा प्राप्ति गर्दा जग्गा धनीलाई उचित मुआब्जा वा क्षतिपूर्ति (कम्तीमा पूर्ववत् अवस्थाको प्रत्याभूत हुने गरी) दिने विषय र चौथो, (घ) वातावरणीय प्रभाव र जोखिमप्रति उचित सावधानी अवलम्बन। यी सिद्धान्त सोसल सेफगार्डका असल अभ्यास भएका मुलुकहरूभन्दा अलिकति पनि निम्छरो छैनन्। नीतिले विस्थापन न्यूनीकरण, विस्थापितका लागि जीविकोपार्जन, पुनर्वास योजना कार्यान्वयन, क्षतिपूर्ति, थप सहायता र समावेशीकरणका लागि राखेका मान्यताहरू पनि उम्दा छन्। नीतिका चार लक्ष्य लिएको छ, सार्वजनिक हित र विकास संरचनाका लागि जग्गा प्राप्ति, न्यायोचित मुआब्जा, उपयुक्त पुनर्वास तथा पुनर्स्थापना र प्रभावित परिवारको सामाजिक-आर्थिक सुदृढीकरण।

प्रजातन्त्र स्थापना हुनुअघि जग्गा धनीको पक्षबाट सोचिँदैन थियो। उतिबेला जग्गा प्राप्ति भनेको सर्वसाधारणको जग्गा अधिग्रहण गर्नुमात्र थियो, सनद र हुकुम प्रमाङ्गीबाट जग्गा प्राप्तिलाई निर्दिष्ट गर्थ्यो। तर, नीतिले अधिग्रहण गर्ने कामलाई अन्तिम उपायका रूपमा लिएको छ।

जग्गा प्राप्तिका सबै मान्य विधिहरू जस्तो कि स्वेच्छिक जग्गा दान, प्रत्यक्ष वार्ता, जग्गा विकास र अधिग्रहणमध्ये उपयुक्त विधि अवलम्बन गर्ने आशय राखेको छ। सहरी क्षेत्रमा सहरी पूर्वाधार सेवा विकासका गर्दा जग्गा विकास कार्यक्रमका विधिहरू अपनाउन सकिन्छ तर विमानस्थल, विद्युत् परियोजना, रणनीतिक सडकजस्ता संरचनामा अधिग्रहण गर्नुपर्ने हुनसक्छ। सामाजिक धार्मिक कार्यका लागि स्वेच्छिक दान उपयोग हुनसक्छ। सबै प्रक्रियामा वार्ताले

बाँकी अन्तिम पृष्ठमा

## चोलेन्द्र...

सर्वोच्चमा आएका मात्र होइनन्, सर्वोच्चका अस्थायी न्यायाधीशका रूपमा क्षमता साबित गरेर निष्ठावान नेतृत्वको पंक्तिमा उदाउँदै गरेका प्रकाश वस्ती, भरतराज उप्रेती, भरतबहादुर कार्की र तर्कराज भट्टको दरिलो पंक्तिलाई भत्काइएको थियो । तर, गत वर्ष मात्र प्रकाशित आत्मकथामा नरहरि लेख्छन्, 'प्रकाश वस्तीका पक्षमा अडिन मलाई कांग्रेससँगै जुध्नुपर्ने हुनसक्थ्यो । अन्तर्मनले उपयुक्त ठानेको भए म त्यो पनि गर्थें होला । तर बाहिर चर्चा भएअनुसार उनमा त्यस्तो खासै विलक्षणता देखिनँ ।' नरहरि आचार्यले प्रकाश वस्तीहरूमा नदेखेको 'विलक्षणता' जब चोलेन्द्रशमशेरमा देख्छन्, देशको न्याय प्रणाली त्यही नियति भोग्न अभिशप्त हुन्छ जो आज भोगिरहेको छ । न्यायालयमा इजलास होइन, गिरोह बनायो भने सुरक्षित भइन्छ भन्ने भ्रमबाट नेताहरू ग्रस्त छन् । तर, सत्तासँग साँठगाँठमा रमाउने न्यायाधीश आफैं यति परित्यक्त हुन्छन् जसरी चोलेन्द्र आफ्नै सहकर्मीहरूबाट भएका छन्, स्वत्व गुमाएका यस्ता पात्रले आफैंलाई बचाउने कि ख्वामितलाई ? बरु, न्यायिक मनबाट निर्देशित निर्भीक न्यायाधीशले राजनीतिक दल, लोकतान्त्रिक विचारधारा र नेतृत्वको संरक्षण गर्न सक्छ । आठ वर्षको जेल र आठ वर्षको निर्वासनपछि २०३३ मा बीपी कोइराला स्वदेश फर्कदा कुनै न्यायाधीशसँग उनको पहुँच थिएन । देशको इतिहासमा जननिर्वाचित पहिलो सरकारलाई अपदस्थ गरेर राजा महेन्द्रले व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको शक्ति नारायणहिटीमा केन्द्रित गरेका थिए । १ पुस २०१७ मा प्रधानमन्त्रीबाट अपदस्थ भएको १६ वर्षपछि मूलधारको राजनीतिमा फर्कन्छु भनेर १६ पुस २०३३ मा नेपाल आउँदा बीपीले चिन्दै नचिनेका न्यायाधीशमाथि भरोसा गरेका थिए । उनीमाथि राजद्रोह र राज्य विप्लवका सात मुद्दा लगाइएका थिए जसमा फाँसीको सजाय हुने सम्भावना प्रबल थियो । बीपीलाई टुँडिखेलमा झुन्ड्याउनुपर्छ भनेर पञ्चहरूले सडकमा नाराबाजी गरिरहेका बखत २९ वैशाख २०३४ मा इजलासमै उभिएर बीपीले भनेका थिए, '२०१७ साल पुस १ को घटना अनुचित मात्र होइन, असंवैधानिक र गैरकानुनीसमेत थियो, न्याय सिद्धान्तका आधारमा म यस न्यायालयसमक्ष यो निवेदन गर्न चाहन्छु ।' सत्ता त राजा वीरेन्द्रका हातमा थियो, तर विशेष अदालतका न्यायाधीश जनकमान श्रेष्ठले बीपीलाई फाँसी हुनुपर्छ भन्ने दाबी अस्वीकार मात्र गरेनन्, उनीमाथि लागेका सातै मुद्दा खारेज गरिदिए । निर्भीक न्यायाधीशको असाधारण फैसलाले न्याय पाएका बीपीका 'अनुयायी' नै शक्तिमा पुगेर न्यायालयलाई मिलिभगतको बन्दी बनाउन खोज्छन् भने यो कतन्त्रकै दुर्भाग्य हो ।

न्यायालयमा अहस्तक्षेपको नीति लिन देउवाले बीपीको जीवनगाथा स्मरण गरिरहनुपर्दैन । उनको आफ्नै निकट विगत नै काफी छ । १९ जेठ २०५८ मा वीरेन्द्रवंशको संहार भएपछि राजा भएका ज्ञानेन्द्रले १९ माघ २०६१ मा प्रधानमन्त्री देउवालाई अपदस्थ गरेर जेल हालेका थिए । आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरेका ज्ञानेन्द्रले संविधानले परिकल्पनासमेत नगरेको 'अधिकारसम्पन्न भ्रष्टाचार नियन्त्रण शाही आयोग' गठन गरेका थिए । आफैं अनुसन्धान गर्ने, अभियोजन गर्ने र फैसला पनि सुनाउने अधिकार पाएको यो अलौकिक आयोगले देउवा र सहकर्मी नेता प्रकाशमान सिंहलाई जेल हालेको थियो । तर, सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश मीनबहादुर रायमाझीसहितको इजलासले 'अधिकारसम्पन्न शाही आयोग' लाई अवैध घोषणा ठहर गर्दै खारेज गरिदियो । शाही शासनमा शाही आयोग विघटनको फैसला लेख्ने रायमाझी एक्ला परेनन्, इजलासका सदस्य न्यायाधीशहरू केदारप्रसाद गिरी, रामनगिना सिंह, अनुपराज शर्मा र रामप्रसाद श्रेष्ठले समेत हस्ताक्षर गरेर न्यायालयको प्रताप पुष्टि गराएका थिए । रायमाझीको आत्मकथा 'न्यायपालिकामा चार दशक, मेरा सम्झना' दुई वर्षअघि प्रकाशित भएको छ, जसमा उनले लेखेका छन्, 'मुद्दाको सुनुवाइ भइरहेका बेला राजाका कानुनमन्त्री निरञ्जन थापा मात्र होइन, तत्कालीन प्रधानसेनापति (प्यारजंग थापा) को निकै ठूलो चासो थियो, प्रधानसेनापतिले सेनाका बहालवाला र अवकाशप्राप्त अधिकारीहरूलाई बुझ्न पठाइरहनुभएको थियो । तर, रिभल्भरको एउटा गोलीको ७५ रुपैयाँ पर्छ भनेर मैले कताकता सुनेको थिएँ, त्यही ७५ रुपैयाँले मलाई पुग्ने रहेछ भनेर फैसला वाचन गरिदिएँ ।'

आफू बचाउने मूल्यमा गोली खाएर आफैं मर्न तयार न्यायाधीशका निर्भयी अडानले शक्तिमा फर्किएका नेताहरू अहिले न्यायाधीशको कुर्सी र कलम खल्तीमा हालेर हिँड्ने सोख पालिरहेका छन् । तर, यस्तो आसक्तिले न महेन्द्रको व्यवस्था टिकायो, न ज्ञानेन्द्रको शासन बचायो, न यी नेताको तजबिजी जोगाउनेछ । बरु, व्यक्तिका रूपमा वेथिति कोरल्ने, हुर्काउने र गिराउने यो चक्रमा देशको अमूल्य समय, अवसर र ऊर्जा बर्बाद भइरहेको छ । त्यसैले, नेताहरू अब ओथारो नबसून्, लोकमान र चोलेन्द्र नकोरलून् । देश र पुस्ताको अमूल्य समय, सामर्थ्य र अभिलाषा बर्बाद नगरून् ।साभार : कान्तिपुर

## मानव....

(अक्रेडिटेसन) उपसमितिले गत अक्टोबरमा 'ख' श्रेणीमा घटुवाका लागि निर्णय गरी कारणसहित सिफारिस गरेको छ । कारणहरू सम्बोधन नभए गानरीको विधान बमोजिम आगामी अक्टोबरदेखि श्रेणी घटुवा लागू हुनेछ ।

प्रतिवेदनमा श्रेणी घटुवाका कारणहरू स्पष्ट उल्लेख छन् । पदाधिकारीहरूको पछिल्लो नियुक्ति (२०७७ मंसिर ३० को सिफारिस बमोजिम) गर्दा पेरिस सिद्धान्तका मान्यता लत्याइएकोलाई नै मूल आधार बनाइएको छ । अपारदर्शी र स्वेच्छाचारी नियुक्तिले आयोगको स्वतन्त्रतामा नकारात्मक असर पारेको, स्थायित्व र विश्वसनीयतामै खतरा सृजना गरेको प्रतिवेदनमा औंल्याइएको छ ।

कानुन संशोधन गरेर स्पष्ट, पारदर्शी र सहभागितामूलक छनोट तथा नियुक्ति प्रक्रियालाई स्थापित गर्न भनेको छ । छनोटका लागि सार्वजनिक विज्ञापन गरेर आवेदन माग्नुपर्ने तथा पूर्वनिर्धारित मानकका आधारमा आवेदकको मूल्यांकन गर्ने प्रक्रिया सुनिश्चित गर्नुपर्ने त्यसमा उल्लेख छ । मानव अधिकारका सम्स्याहरूलाई सम्बोधन गर्नेतर्फ पनि आयोग अक्षम देखिएको औंल्याइएको छ ।

गानरीले उठाउने प्रश्नलाई लोकतान्त्रिक मुलुकहरूले गम्भीर रूपमा लिने गरेका छन् । उदाहरणका लागि, गानरीले प्रश्न उठाएपछि नै अस्ट्रेलियाले मानव अधिकार आयोग कानुन संशोधन ( छनोट र नियुक्ति) विधेयक-२०२२ अगाडि बढाएको छ । दुवै सदनबाट हालै पारित विधेयकमा सार्वजनिक, पारदर्शी र स्वतन्त्र नियुक्ति प्रक्रियाको अवलम्बनलाई अनिवार्य बनाउने व्यवस्था छ । साथै सात वर्षभन्दा बढी एकै व्यक्ति आयुक्त हुन नसक्ने प्रबन्ध छ । पछिल्लो विकासक्रम त्यहाँ आयोगको 'क' श्रेणीलाई नवीकरण गर्ने बलियो आधार भएको छ ।

हाम्रो सन्दर्भमा अहिलेको परिस्थितिमा मौलिक परिवर्तन नल्याउने हो भने त्यो सिफारिस बमोजिम आयोगको ओरालो यात्रा निश्चित छ । समयसँगै आयोगको छवि गिरेको मात्रै होइन, देशकै मानव अधिकार स्थिति ओरालो लाग्ने क्रम रोकिएको छैन । राष्ट्रसंघीय मानव अधिकार परिषद्मा दुई पटक ( सन् २०१७ र २०२०) निर्वाचित नेपालले घरेलु स्थितिमा सुधार ल्याउन सकेको छैन । कागजी प्रतिबद्धताको चाङ देखाएर अब कोही झुक्किँदैन । यथार्थमा बदलिएको वस्तुगत आधार देखाउन सक्नुपर्छ । संक्रमणकालीन न्याय सुनिश्चित गर्ने दायित्व लत्याइएको छ । पीडितको सत्य, न्याय र परिपूरणको वैध आकांक्षामाथि निरन्तर खेलवाड भएको छ । लैंगिक, जातीय लगायतका आधारमा हुने हिंसा र भेदभावको उन्मूलन नारामा सीमित छ ।

भोको पेट र उठीबासको त्रास भोग्दै आएका जनताको पीडामा मल्हमपट्टी गर्न ठोस आधार सृजना गर्ने खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन-२०७५ र आवासको हक सम्बन्धी ऐन-२०७५ जस्ता जनमुखी कानुनलाई बेकामे बनाइएको छ । ऐन कार्यान्वयनका लागि चाहिने नियमावली बनाउने आधारभूत कामसम्म ओली र देउवा सरकारले गरेनन् । भुइँतहका जनताको हकअधिकार प्रवर्द्धन गर्नतर्फ प्रदेश र पालिका सरकारहरूको खासै रुचि रहेन । कतिपय पालिका सरकारले त कानुन कार्यान्वयनका नाममा विपन्न जनतामाथि शत्रुतापूर्ण व्यवहार गरेको देखिएको छ । प्रतिबद्धता र यथार्थताबीचको खाडल गहिरिँदै जाँदा विपन्न, सीमान्तीकृत वा विभेदित समुदायमा ठूलो निराशा छाएको छ । नेपालले वाचा गर्छ, वाचा दोहोऱ्याउँछ तर पूरा गर्दैन भन्ने छाप अन्तर्राष्ट्रिय जगत्मा पनि अमिट बन्दै गएको छ । यस स्थितिमा अर्थपूर्ण भूमिका खेल्नुपर्ने आयोग भने पदाधिकारी नियुक्ति विवादका कारण सृजित वैधता संकटको भुमरीमा परेको छ ।

**निर्विकल्प पुनरुत्थान**

हाम्रो खाँचो कार्यकारीको तप्केनीमा ठिम्रिँदै गएको आलंकारिक संस्थाको होइन; संवैधानिक कार्यादेश अनुरूप मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा खरो उत्रन सक्ने स्वतन्त्र, स्वायत्त र चलायमान आयोगको हो । तसर्थ आयोगको शीघ्र पुनरुत्थानको विकल्प छैन । यो राष्ट्रिय आवश्यकता हो ।

गानरीले औंल्याएजस्तै कपटपूर्ण रूपमा (संवैधानिक परिषद्को बैठकको गणपूरक संख्या घटाएर २०७७ मंसिर ३० मै अध्यादेश जारी गर्ने र ४८ घण्टाभित्रै बैठकको सूचना दिनुपर्ने कार्यविधि उल्लंघन गरेर त्यसै दिन नियुक्तिका लागि सिफारिस गर्ने) आयोगका पदाधिकारी नियुक्त गरिएदेखि आयोगको विश्वसनीयता र वैधतामा खग्रास ग्रहण लागेको छ । आयोगको पुनरुत्थानाका लागि शीघ्रातिशीघ्र उक्त ग्रहण उतार्न जरुरी छ ।

ग्रहण उतार्ने उपायस्वरूप सरोकारवालाहरूबाट आयोगका पदाधिकारीहरूको राजीनामाको माग चौतर्फी उठेको छ, जुन तार्किक, व्यावहारिक र औचित्यपूर्ण छ । आयोगका पूर्वपदाधिकारीहरूको एउटा समूहले गत कात्तिक ३० गते प्रेस विज्ञप्ति जारी गरेरै राजीनामा गर्न सुझायो । कतिपय राष्ट्रिय मिडियाले समेत आयोगको साख जोगाउन पदाधिकारीको बहिर्गमन अपरिहार्य भएको सम्पादकीय धारणा प्रकाशन गरे ।

नागरिक समाज र मानव अधिकार समुदायले नियुक्तिका लागि सिफारिस गरेदेखि नै यस किसिमको माग दोहोऱ्याउँदै आएका छन् । आयोगका कर्मचारीहरूले समेत राजीनामाका लागि पदाधिकारीहरूमाथि दबाब बढाएका समाचारहरू बाहिर आएका छन् ।

आयोगका लागि यो असामान्य अवस्था हो । वैधताको प्रश्न यस रूपबाट उठेको अवस्थामा आयोगले आफ्नो संवैधानिक कार्यभार वहन गर्न सक्ने अनुमान पनि गर्न सकिँदैन । आयोग नै दिनानुदिन गहिरो संकटमा धकेलिँदै जाने छनक देखिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक आयोगहरूमध्ये एक ठानेर यसको वैधता र विश्वसनीयताको प्रश्नलाई सामान्यीकरण गर्नु गलत हुन्छ ।

यसको अन्तर्राष्ट्रिय मानव अधिकार प्रणाली अन्तर्गत अलग मान्यता र पहिचान छ । यसको साख बढ्दा राष्ट्रको साख बढ्छ, यसको साख घट्दा राष्ट्रको साख घट्छ । गानरीले घटुवाका लागि सिफारिस गर्दा औंल्याएका कारणहरूको सम्बोधनबिना गरिने अन्य प्रयत्नले आयोगको वैधता र विश्वसनीयता पुनःस्थापित हुँदैन । किनकि संस्थाको विश्वसनीयता र वैधता मूलतः संस्थाका नेतृत्वदायी पदाधिकारीहरूको वैधतामा धेरै हदसम्म निर्भर गर्छ ।नियुक्तिको विवाद सर्वोच्च अदालतमा विचाराधीन छ । विवादको शीघ्र निरूपण अपेक्षित थियो । अनुचित विलम्ब भइरहेको छ । तर यही यान्त्रिक कारण देखाएर जिम्मेवार पदाधिकारीहरूको तहबाट बहिर्गमनको वैध माग अनदेखा गर्नु उपयुक्त हुँदैन । संस्थाको जीवनमा गम्भीर संकट आएको कुरा राम्रोसँग पर्गेल्न सक्ने व्यक्तिहरू नै अहिले पदाधिकारी छन् । आयोगलाई यथोचित सहयोग गर्ने नैतिक जिम्मेवारीबाट उनीहरू चुक्नु हुँदैन । मानव अधिकार आयुक्तको पद निजामती सेवाको जागिरजस्तो होइन । यसलाई व्यक्तिगत लाभहानिको विषय बनाउनु हुँदैन ।अन्तर्राष्ट्रिय मानव अधिकार दिवसलाई अवसरका रूपमा लिएर बृहत् संस्थागत हितका लागि बहिर्गमनको बाटो रोज्दा संस्थाको पुनरुत्थानका लागि ठूलो सहयोग पुग्नेछ । अदालतले नियुक्तिलाई असंवैधानिक भनिनसकेको भन्ने तर्कमा अडिएर बस्नु व्यक्तिगत रूपमा पदाधिकारीका लागि राम्रो हुन्न ।

यथास्थिति लम्बिँदा नागरिक संघसंस्था तथा मानव अधिकार समुदायमा असन्तुष्टि झाँगिँदै गई त्यो संगठित विरोधमा परिणत नहोला भन्न सकिँदैन । यतातर्फ पनि हेक्का राख्न जरुरी छ ।

पुनर्नियुक्ति हुनुपर्छ भन्नुको अर्थ खाली ठाउँमा अरू एक थान आयुक्तहरू नियुक्त हुनुपर्छ भन्ने होइन; पेरिस सिद्धान्तको पूर्ण परिपालना हुने गरी खुला र पारदर्शी प्रक्रियाबाट आयोगको संवैधानिक कार्यादेश र जिम्मेवारीले मागे अनुरूपका व्यक्तिहरूमध्येबाट योग्यतम व्यक्तिको नियुक्ति होस् भनेको हो; विगतमा जस्तो आयोगमाथिको राजनीतिक दाउपेच नदोहोरियोस् भनेको हो ।

अहिलेकै पदाधिकारीहरूमध्ये पनि खुला र पारदर्शी प्रक्रियाबाट आउन नसक्ने भन्ने पनि हुँदैन ।

आयोगको प्रभावकारिताका लागि पुनर्नियुक्ति मात्रै सब थोक भने होइन । सरकार र आयोगले गर्नुपर्ने थुप्रै काम छन् । अयोगका सिफारिसको कार्यान्वयन लत्याउँदै जाने ठूलो समस्या छ । गठन भएदेखि २० वर्षसम्मको अवस्था मूल्यांकन गर्दा कार्यान्वयनको दर १४ प्रतिशत हाराहारी मात्रै छ ।

हामीले सातौं संविधान दिवस मनाइसक्यौं, तर नयाँ संविधानिक परिपाटी अनुरूप आयोगको ऐन (२०६८) संशोधनको काम थाती नै छ । संशोधनका लागि विगतमा विधेयक अगाडि बढाए पनि संशोधनमार्फत आयोगलाई सशक्तीकरण गर्ने होइन, उल्टै कमजोर तुल्याउने सरकारी रवैया देखियो ।

आयोग बेलाबखत रोइलो गर्नेबाहेक नागरिक समाजलाई विश्वासमा लिएर ऐन संशोधनका लागि सरकारलाई जवाफदेह बनाउन असफल रहँदै आएको छ । साधनस्रोतको अभाव तथा वित्तीय स्वायत्तताको समस्या पनि ज्यूँका त्यूँ छ । ऐन संशोधनमार्फत यो समस्याको हल खोज्नु जरुरी छ ।

आयोगको काम गर्ने तौरतरिकामा व्यापक परिवर्तनको खाँचो छ । आर्थिक-सामाजिक हकहरूले आयोगको अग्रसक्रिय भूमिका खोज्छन् । आयोग भने उजुरीको औपचारिकतामा रुमलिएको छ । राज्य मात्रै नभएर व्यवसाय तथा निजी क्षेत्रलाई पनि मानव अधिकार फ्रेमवर्कभित्र हिँडाउनुपर्ने चुनौती पनि थपिएको छ ।

अन्त्यमा, आयोग आमजनताका लागि बढ्ता आवश्यक संस्था हो । यसलाई राजनीतीकरणबाट मुक्त राखौं । यसको प्रभावकारिता बढाउनमा सबको इमानदार प्रयास होस् ।सभार इकान्तिपुर

## सामुदायिक...

विद्यालयमा भएका समस्याका सम्बन्धमा प्रश्न सोधे । महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मी प्रसाद पौडेल र महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख अर्विन्दलाल कर्णले विद्यार्थीसँग नजिकिँदै उनीहरुको सबैभन्दा मन पर्ने विषयका सामान्य जिज्ञासा र प्रश्न सोधे । सो अवसरमा अधिकांश विद्यार्थीहरुले अंग्रेजी माध्यम र नेपाली माध्यममा पढ्ने विद्यार्थीबिच विभेद हुने गरेको बताए । विद्यालयमा अतिरिक्त क्रियाकलाप नहुने र भए पनि नेपाली माध्यममा अध्ययनरत विद्यार्थीहरुलाई सहभागी नगराउने गरेको उनीहरुको भनाई थियो । साथै कक्षामा अध्यापनका क्रममा शिक्षकहरुले मोवाइलमा कुरा गर्ने गरेको त्रिजुद्ध स्कुलका विद्यार्थीले बताए । त्यसपछि कक्षा ८ र ९ का विद्यार्थीसँग मेयर सिंह नेतृत्वको अनुगमन टोलीले समस्याका बारेमा बुझेको थियो । विशेष गरी छात्राहरुको लागि शौचालयको समस्याका साथै एउटै चापाकलमा धेरै विद्यार्थीले पानी पिउनुपर्ने बाध्यता रहेको विद्यार्थीको गुनासो थियो ।

**अनुपस्थितको संख्या धेरै**

त्रिजुद्ध माविको कक्षा ९ मा १ सय ४ जना विद्यार्थी छन् । मेयरसहित महानगरको टोली अनुगमनमा जाँदा कक्षामा जम्मा ४५ जना विद्यार्थी मात्रै उपस्थित थिए । १ सय ४ जना भर्ना भएपनि नियमित रुपमा ७०/८० जना मात्रै आउने गरेको विद्यार्थीहरुले बताए । मेयर सिंह, प्रमुख प्रशासकिय अधिकृत पौडेल र शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्णले विद्यालयमा शिक्षक र विद्यार्थीहरुको हाजिरी रजिस्टर पनि चेकजाँच गरे । शिक्षकहरुको लागि विद्युतिय हाजिरी सञ्चालन गर्न मेयर सिंहले निर्देशन दिए । लगातार ३ दिनसम्म अनुपस्थित हुने विद्यार्थीको अभिभावकलाई खबर गरेर कारण सोध्नुपर्ने नियममै व्यवस्था भएको हुँदा अनुपस्थित हुनेको हाजिरीबाटै नाम हटाउन शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्णले निर्देशन दिएका छन् ।

अनुगमनका क्रममा त्रिजुद्ध स्कुलका प्रधानाध्यापक हरेन्द्र प्रसाद कुर्मीले उपलब्ध स्रोत साधनको उचित सदुपयोग गर्दै विद्यालयको शैक्षिक गुणस्तर कायम राख्ने प्रयास गरीरहेको बताए ।

त्रिजुद्ध स्कुलको अनुगमन सकेर महानगरको टोली वीरगञ्जको विर्तास्थित कन्या माविमा प्रस्थान गऱ्यो । कन्या माविको कक्षा १० मा विद्यार्थीसँगै बसेर मेयर सिंहले उनीहरुका समस्याका सम्बन्धमा जिज्ञासा राखे । समस्या सोधपुछका क्रममा कन्या माविका छात्राहरुले ३ वर्षदेखि छात्रवृत्तिको रकम नपाएको प्रकाशमा आयो । छात्रवृत्तिको रकमका लागि भर्नुपर्ने फारमका सम्बन्धमा पनि उनीहरु अनभिज्ञ रहेको पाइयो । साथै कुनै पनि बहानामा शूल्क उठाउन नहुने व्यवस्था भएपनि कन्या माविमा मासिक शूल्कको नाममा १ सय २५ रुपैयाँ र परीक्षा शूल्क २ सय २५ रुपैयाँ तिर्ने गरेको विद्यार्थीहरुले बताए । त्यसको बारेमा विद्यालयलाई चेतावनी दिँदै आगामी दिनमा शूल्क नलिन मेयर सिंहले पनि निर्देशन दिएका छन् । अर्थ शास्त्र विषयको पुस्तक अहिलेसम्म पनि ४ जना छात्राले नपाएको हुँदा तत्काल पुस्तकको व्यवस्था मिलाउने शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्णले बताए । मेयर सिंहले घरबाटै टिफिन बक्समा खाजा ल्याउन आग्रह गर्दै होटल तथा पसलको खाजा नखान पनि विद्यार्थीहरुलाई आग्रह गरेका छन् । कन्या माविको प्रवेशद्वार नजिकैको नाला अतिक्रमणमा परेको हुँदा उक्त संरचनालाई भत्काउने कार्य पनि केही दिनमै शुरु गरिने मेयर सिंहले बताए । कन्या माविकी प्रधानाध्यापिका अनिता साहले अनुगमन टोलीलाई सहजीकरण गरेकी थिइन् ।

अनुगमन टोलीमा महानगर प्रमुख सिंहसँगै प्रमुख प्रशासकिय अधिकृत लक्ष्मी प्रसाद पौडेल, शैक्षिक प्रशासन महाशाखा प्रमुख अर्विन्दलाल कर्ण, युवा नेता मधुसुदन चौरसियासहित सञ्चारकर्मी पनि सहभागि थिए ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर २४ बहुअरीस्थित शारदा माविका विद्यार्थीले पनि समस्या सुनाए । अनुगमनका लागि पुगेका शैक्षिक प्रशासन महाशाखा प्रमुख अर्विन्दलाल कर्णलाई समस्या सुनाउँदै कक्षा ९ की एक छात्राले भने, 'तपाईहरु भन्नुहुन्छ कुनै पनि शूल्क लाग्दैन, सबै शिक्षा निःशूल्क भनेर । तर हामी यहाँ कम्प्युटर शूल्क, परीक्षा शूल्क र मासिक शूल्क तिर्छौं ।' सोही कक्षाका एक छात्रा थप्छिन्, 'यति मात्रै हैन चरित्र प्रमाण पत्र (क्यारेक्टर सर्टीफिकेट) मा गल्ती भएको सच्याउन पनि पैसा तिर्नुपर्छ ।' अर्को छात्राले भने, 'कोठामा झ्याल छैन, बत्ती छैन, शौचालय व्यवस्थित छैन, शौचालयको दुर्गन्धले कक्षाकोठामै बस्न सक्ने अवस्था छैन ।'

छात्रवृत्तिको रकम नपाएको गुनासो शारदा माविका छात्राहरुले पनि गरे । विद्यालयमा अतिरिक्त क्रियाकलाप कहिल्यै पनि नहुने विद्यार्थीहरुको भनाई थियो । पुस्तकालयको पनि व्यवस्था नभएको हुँदा त्यसका लागि पहल गरिदिन माग पनि उनीहरुले उठाएका छन् । शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्णले अर्को पटक आउँदा ति सबै समस्याको समाधान गर्न विद्यालयका प्रधानाध्यापक दयाकान्त झालाई निर्देशन दिएका छन् ।

## बहुदरमाई.....

गोष्ठी तिन दिन सम्म हुने कार्यक्रममा पर्सागढी नगरपालिका,बिन्दबासिनी गाउँपालिका,र बहुदरमाई नगरपालिकाका बिभिन्न सामुदायिक बिधालयहरुका प्रधानाध्यापकहरुलाई सहभागी गराई प्रशिक्षण दिएको थियो सो कार्यक्रममा पालिका कलेक्टर संयोजक गणेश कुमार बिंक, मदेश प्रदेश शिक्षा समुह संयोजक गणेश सुबेदी,एन.जी.ओ.फाउन्डेसन केन्द्रका प्रबिधी कमल बिश्वकर्मा र एस.ओ.डि.सी.सी.को प्रतिनिधि रामप्रबेश साहले प्रशिक्षण दिनु भएको थियो।

# पर्साको ठोरीबाट सशस्त्र प्रहरीद्वारा २२ कार्टुन गाँजास्थित ट्रक नियन्त्रण



वीरगञ्ज । पर्सामा सशस्त्र प्रहरीले ठूलो मात्रामा लागूऔषध गाँजा नियन्त्रणमा लिएको छ।

जिल्लाको ठोरी गाउँपालिका वडा नम्बर ३ को ठुटेखोला ईलाकाबाट सशस्त्र प्रहरीले ठूलो मात्रामा लागूऔषध गाँजासहित एउटा ट्रक नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीको विशेष सूचनाको आधारमा बिओपी ठोरीले सोमबार करीब ३ सय ६३ किलो गाँजा र गाँजा बोकेको ट्रक नियन्त्रणमा लिएको जनाइएको छ।

मकवानपुरको हेटौंडाबाट पर्साको विजयबस्तीतर्फ जाँदै गरेको ना ४ ख ६५५५ नम्बरको ट्रक नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ।

प्रहरीका अनुसार ट्रकमा फल्स वटन प्रयोग गरेर २२ वटा कार्टुनमा प्याक गरी लैजाँदै गरेको अवस्थामा गाँजा र ट्रक नियन्त्रणमा लिइएको थियो। ट्रकका चालक भने प्रहरीलाई देख्नासाथ ट्रक त्यही ठाउँमा छाडेर फरार भएका थिए।

बरामद गाँजा तथा ट्रकलाई आवश्यक कारबाहीको लागि ईलाका प्रहरी कार्यालय ठोरीमा बुझाइएको छ।

# थारु र मुस्लिमलाई मधेशी समुदायको सूचीबाट मधेशी आयोगले हटायो।







वीरगञ्ज । मधेशी आयोगले थारु र मुस्लिमलाई मधेशी समुदायको सूचीबाट हटाउने निर्णय गरेको छ।

आयोगको मसिंर २० गते बसेको बैठकले नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन-२०७८ बाट उपसमूह १ मा रहेको थारु र २ मा रहेको मुस्लिमलाई हटाउने निर्णय गरेको आयोगका अध्यक्ष डा. विजयकुमार दत्तले बताए।

मधेशी आयोगले गरेको निर्णय कार्यान्वयनको लागि आयोगकी उपसचिव सबिता डङ्गोलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्र पनि पठाएकी छन्। थारु र मुस्लिम समुदायका विभिन्न संघ-संगठनहरुले थारु र मुस्लिम समुदायको छुटै पहिचान र सभ्यता रहेको र मधेशी समुदायसँग नमिल्ने भएकोले मधेशी क्लस्टरमा आफूहरूलाई नराख्न मधेशी आयोगमा उजुरी दिएका थिए । आयोगका अध्यक्ष डा. दत्तका अनुसार उक्त उजुरीमाथि आयोगले निर्णय लिँदै थारु र मुस्लिमलाई मधेशीबाट हटाउने निर्णय गरेको हो।

मधेशी आयोगले २०७८-७९ को वार्षिक प्रतिवेदन मार्फत राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष थारु र मुस्लिम सहित १४९ जातलाई मधेशीको रूपमा सिफारिस गरेको थियो ।

# मुद्दा फिर्ता लिने अध्यादेशप्रति १३ पूर्वआईजीपीको आपत्ति



काठमाडौं – सरकारले अदालतबाट दोषी ठहर भएका र पुर्पक्षको क्रममा रहेका व्यक्तिका मुद्दा फिर्ता लिने गरी ल्याएको अध्यादेशप्रति नेपाल प्रहरीका १३ जना पूर्वमहानिरीक्षक (आईजीपी) हरूले आपत्ति जनाएका छन् । पूर्वमहानिरीक्षकहरूको नेपाल प्रहरी पूर्वसंगठन मञ्चले संगठित रुपमा अध्यादेशको विरोध गरेको हो ।

पूर्वमहानिरिक्षक श्यामभक्त थापाको निवास मालीगाउँमा मंगलबार बसेको बैठकले अध्यादेशप्रति विरोध जनाएका हुन्। अध्यादेश लोकतान्त्रिक प्रणालीको मर्म र भावनाविपरीत रहेको भन्दै उनीहरूले यसलाई खारेज गर्न पनि माग गरेका छन् ।

पूर्वमहानिरीक्षक थापासहित मोतीलाल बोहोरा, अच्युतकृष्ण खरेल, ध्रुवबहादुर प्रधान, ओमविक्रम राणा, रमेश चन्द ठकुरी, रवीन्द्र प्रताप शाह, कुवेर सिंह राना, उपेन्द्रकान्त अर्याल, प्रकाश अर्याल, सर्वेन्द्र खनाल, ठाकुरप्रसाद ज्ञवाली र शैलेस थापा क्षेत्रीले संयुक्त रुपमा अध्यादेश खारेजीको माग गरेका हुन् ।

'नेपाल सरकार मन्त्रिपरिषद्रुबाट लोकतान्त्रिक प्रणालीको मर्म प्रतिकुल हुने गरी असान्दर्भिक रुपमा नेपालको फौजदारी कानुन अनुसार सजाय भुक्तान गरिरहेका अपराधी, अभियुक्त तथा समूहहरूलाई आम माफी प्रदान गर्ने प्रयोजनका लागि अध्यादेश प्रमाणीकरणको लागि पेस भएको सन्दर्भमा नेपाल प्रहरी पूर्वसंगठन मञ्चको गम्भीर ध्यानाकर्षण भएको छ,' मञ्चले भनेको छ, 'उक्त अध्यादेश संविधानको प्रतिकुल रहेको सम्मानित सर्वोच्च अदालतबाट जारी निर्णय तथा नजिरहरूको बर्खिलापमा रहेको तथा फौजदारी न्याय प्रणालीको समेत मर्म विपरीत रहेको र यसबाट बहालवाला तथा पूर्वसुरक्षाकर्मी र निजका परिवारहरूलाई हतोत्साहित र निराश बनाएकोले अध्यादेश तत्काल खारेजीका लागि यो मञ्च जोडदार माग गर्दछ ।'

उनीहरूले नेपाल प्रहरीको हितविपरीतका क्रियाकलापका निर्णयहरूको आगामी दिनमा पनि विरोध गर्दै जाने जनाएका छन् । सरकारले ल्याएको उक्त अध्यादेशलाई लिएर सत्तारुढ दल नेपाली कांग्रेसका नेताहरूले समेत विरोध जनाउँदै आएका छन् ।

**सहयात्री**
**बचत तथा ऋण सहकारी संस्था लि.**
पर्सागढी न.पा.-४, सबैयाटाँडी

**१५ औं वार्षिक साधारण सभाको सुचना**

१५ औं वार्षिक साधारण सभाको सुचना उपरोक्त सम्बन्धमा यस संस्थाको वार्षिक सधारण सभा तपसिलको कार्यक्रम अनुसार हुन गइरहेको सबै सदस्यलाई पत्र पठाइसकिएकोमा पत्र प्राप्त नभएको भएपनि यसै सुचनालाई आधारमानी उपस्थित भइदिनु हुन् हार्दिक अनुरोध छ ।

**तपसिल**
**मिति** :-२०७९ मंसिर २८ गते बुधबार विहान १० :०० बजेदेखि
**स्थान** :-नेरेसो विरूवागुठीको सभाहल ,पर्सागढी -४
सधारण सभामा प्रस्तुत हुने प्रस्तावहरू :-
१. आ.व.०७८/०७९ को प्रगति तथा आर्थिक प्रतिवेदन
२. आ.व.०७९/०८० को लागी प्रस्तावित कार्यक्रम र बजेट
३. आ.व.०७९/०८० को लागी लेखापरिक्षण नियुक्ति
४. विभिन नीति संशोधन
५.संचालक समिति ,लेखा समिति,उपसमीति निर्वाचन
६.विविध

भवदिय
प्रतिमा मानन्धर
(सचिव)

## सिर्सिया .........

**नदीलाई दुर्गन्धित बनाउने गरी लेदोसहितको फोहोर पानी फाल्ने उद्योगलाई आज पहिलो पटक चेतावनी दिइएको र आउादा दिनमा यस्तो कार्य दोहोरिए सोझै कारवाही गरिने अनुगमनमा गएका महानगरका उपमेयर इम्तियाज आलमले बताए । सिर्सिया नदी सफा बनाउने अभियनमा उद्योगीले आ ना उद्योगमा ट्रिटमेण्ट प्लाण्ट राखेर सहयोग गर्नु पर्नेमा जिम्मेवारीबाट पन्छिादै आ नो स्वार्थ मात्रै नहेर्न उद्योगीहरुलाई आग्रह गरे । उपमेयर आलमको नेतृत्वमा गएको टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी पौडेल, महानगरको वातावरण शाखाका देवेन्द्र चौधरी, नेपाल प्रहरी लगायतको सहभागिता रहेको थियो ।**

**वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहको सक्रियतामा आइतबार बसेको बैठकले नदी प्रदुषण नियन्त्रणका लागि उद्योगको अनुगमन गर्ने निर्णय गरेको थियो । सोही अनुरुप मंगलबारबाट उद्योगको अनुगमन सुरु भएको हो ।**

## आयोजनालाई.......

विश्वास जित्न सक्छ।

लामो प्रयासपछि तर्जुमा भै कार्यान्वयनका लागि जारी भएको नीति अहिले पनि पूर्ण कार्यान्वयनमा आएको छैन। नीति तर्जुमाका समयमा उत्साह देखाउने तर कार्यान्वयनमा अग्रसर नहुने प्रवृत्तिबाट यो नीति पनि अपवाद रहेन। यसले सिद्धान्त तथा उद्देश्य र कार्यविधिको उल्लेख गरेको छ तर आयोजनाको विशेषता र सम्बद्धताका आधारमा क्षेत्रगत मापदण्डहरू बनाउने काम अहिले पनि वेवारिस छ।

सिँचाइ, ऊर्जा, सडक, पुल, विमानस्थल, प्रसारण लाइन, खानेपानी तथा भवन संरचनाका लागि फरक-फरक कार्य मापदण्ड आवश्यक छ। सबै आयोजनालाई प्रभाव र सन्दर्भका आधारमा फरक-फरक व्यवहार गर्नुपर्ने हुन आउँछ।साथै आयोजनाबाट सर्वसाधारणलाई पर्ने असरका आधारमा क्षतिपूर्ति निर्धारण गर्नुपर्छ। आयोजनाले पार्ने असरलाई चार आधारमा पहिचान र मूल्याङ्कन गरी क्षतिपूर्ति तथा सुविधा उपलब्ध गराउनु पर्छ। जस्तो कि अति असर पर्ने व्यक्ति परिवार, उल्लेख्य असर पर्ने परिवार, सामान्य असर पर्ने परिवार र खासै असर नपर्ने परिवारका लागि क्षितपूर्ति फरक हुन्छ। तर मुआब्जाको विषय प्रभाव, दबाब, आन्दोलन र केही हदमा मध्यस्थतकर्ता (विचौलिया) बाट प्रभावित हुँदै आएको छ।

जब नीति जारी भयो, कार्यान्वयनका लागि कानुनी समर्थन आवश्यक थियो। २०३४ मा जारी भएको जग्गा प्राप्ति ऐन निकै पुरानो भएकोले जग्गा प्राप्तिका सबै आयामलाई सम्बोधन गर्न सक्दैन।

यसले सरकारी प्रयोजनका लागि अधिग्रहण गर्ने कतिपय विषय समेटे पनि निजी क्षेत्र, सार्वजनिक-निजी साझेदारीका लागि जग्गा प्राप्तिका विषयलाई सम्बोधन गर्न सक्दैन। नीतिले जग्गा प्राप्ति ऐन, २०३४ लाई विस्थापन गर्ने अर्को ऐन मागेको थियो जसले नीतिका सबै भावना क्याप्चर गर्न सकोस्। नीति जारीपछि सम्बन्धित मन्त्रालयबाट नेतृत्व लिन विलम्ब भयो, परिणामतः तीन महिनामा बन्नुपर्ने कानुनको मस्यौदा वर्षौंपछि पनि बनेन।नयाँ संविधानले शासकीय तहहरूमा कार्यभूमिका र क्षेत्राधिकार अधिकार वर्गीकृत गर्नपुग्यो। संविधानको अनुसूची ५ अनुसार भूमि नीति, नीति मापदण्ड संघको हो भने अनुसूची ६ अनुसार भूमि व्यवस्थापन र जग्गाको अभिलेख प्रदेश सरकारको र अनुसूची ८ अनुसार जग्गाधनी पूर्जा वितरण स्थानीय सरकारको कार्यक्षेत्रमा छ। अप्रत्यक्ष रूपमा अनुसूची ९ ले तीनै तहको सरकारको भूमिका आकर्षित गरेको छ।साझा सूचीमा परेका कानुनको तर्जुमा सबै शासकीय तह र सरोकारवालाको अपनत्व रहने गरी संघले बनाउने हो। सबैको सहयोग र समर्थन चाहिने विषय भएकाले विस्तृत अभ्यास र सहकार्य त्यत्तिकै जरुरी छ। संघीय शासन क्रियाशील भएको सात बर्षमा पनि यो कानुन नबन्दा ठूला आयोजना, विशेषतः राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी कार्यक्रम र पहिलो प्राथमिकताका आयोजनाहरू प्रभावित भैरहेका छन्। पुँजीगत खर्च हुन सकेको छैन, वैदेशिक सहायता आयोजना बेस्सरी प्रभावित छन्। वाह्य क्षेत्रको लगानी आउन डराएको छ, सार्वजनिक निजी साझेदारीका र निजी क्षेत्रका लगानी आयोजनाहरू प्रभावित छन्।**साभार अन्नपूर्णपोष्ट्**

## बिना......

गराएर एक वर्ष पुरा गरेको छ ।

अध्यादेश मार्फत मधेश सरकारले स्थापना गरेको कृषि विश्वविद्यालयले मंगलबार एक वर्ष पुरा गरेको छ तर अहिलेसम्म अध्यापन समेत सुरु गर्न सकेको छैन् ।मुख्यमन्त्री लालबाबु राउतले २०७८ मंसिरमा उपकुलपतिमा डा. वैद्यनाथ महतोलाई नियुक्त गरेका थिए ।प्रदेशको मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुख हरिशंकर मिश्रले २०७८ कार्तिक २३ गते प्रदेश प्राविधिक विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र प्रदेश कृषि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गरेका थिए । पछि प्रदेशसभाबाट यसलाई पारित गरिएको थियो ।

**सुचना सुचना सुचना**

